# जोशी हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडको
## पाँचौं, छैटौं र सातौं वार्षिक साधारण सभाको माइन्युट

यस जोशी हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेठको मिति २०७८ साल फागुन ११ गते बुधबारका दिन बोलाईएको कम्पनीको पाँचौ, छैटौं र सातौं वार्षिक साधारण सभा काठमाडौं, नक्साल स्थित लिसारा रिसेपसन्स पार्टि हलमा संचालक समितिका अध्यक्ष श्री गंगा प्रसाद जोशीज्यूको अध्यक्षतामा दिनको ११:३० बजे बसी निम्नबमोजिमको प्रस्तावहरुउपर छलफल भई निम्नानुसार निर्णय गरियो ।

**सभाको सूचना**

कम्पनीको संचालक समितिको मिति २०७८/०९/११ गते बसेको बैठकले कम्पनीको पाँचौ, छैटौं र सातौं वार्षिक साधारण सभा पाँचौ, छैटौं र सातौं वार्षिक साधारण सभा २०७८/१०/०३ गते बोलाउनको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा २ को व्यवस्थाबमोजिम सभा हुने मिति, समय, स्थान, शेयर दाखिल खारेज दर्ता किताब बन्द रहने सम्वन्धि सूचना क्रमश: मिति २०७८/०९/१२ र १४ गतेको नेपाली राष्ट्रिय दैनिक हिमालय टाईम्समा पत्रिकामा प्रकाशन गरिएको थियो । मिति २०७८/१०/०३ गते बिहान ११:३० बजे दरवार मार्ग, काठमाडौ स्थित ल्याण्डमार्क होटलमा तय गरिएको वार्षिक साधारण सभामा शेयरधनीहरुको स्वयं एवं प्रोक्सी मार्फत भएको उपस्थितिमा कम्पनी ऐन तथा कम्पनीको नियमावलीको व्यवस्थाबमोजिम आवश्यक गणपूरक संख्या अपुग भई साधारण सभा स्थगित गरिएको थियो । कम्पनीको संचालक समितिको मिति २०७८/११/०२ गते बसेको बैठकको निर्णयले उक्त स्थगित साधारण सभा आज मिति २०७८/११/११ गते तय गरी सभा हुने मिति, समय र स्थान को बारेमा शेयरधनी महानुभावहरुलाई जानकारीको लागि मिति २०७८/११/३ गते को नेपाली राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरिएको थियो ।

त्यसैगरी यसरी प्रकाशन गरिएको सूचनासहित आ. व. २०७५/७६,२०७६/७७ र २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएको बासलात, आयव्यय हिसाब र नगद प्रवाह विवरणसहितको संचालक समितिको वार्षिक प्रतिवेदन कम्पनीको वेबसाईड www.joshihydropower.com.np मा समेत शेयरधनी महानुभावहरुको जानकारीको लागि उपलब्ध गराईएको थियो । कोभिड-१९ को नयाँ भेरियन्ट आमिक्रोन संक्रमणको कारण नेपाल सरकारले सभा एवं समारोह गर्न लगाएको प्रतिवन्धको कारण शेयरधनी महानुभावहारुलाई भर्चुअल(Zoom) मार्फत सहभागी हुन Meeting ID/Password को व्यवस्था गरिएको थियो ।

**सभाको वैधानिकता**

कम्पनीको पाँचौ, छैटौं र सातौं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ तथा नियमावली अनुसार पुन: बोलाईएको हुँदा कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको २५ प्रतिशत भन्दा बढी शेयरधनीहरुको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये २ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान रहेकाले कम्पनीको पाँचौ, छैटौं र सातौं वार्षिक साधारणसभामा राखिएको शेयरधनीको हाजिरीपुस्तिकामा स्वमं तथा प्रोक्सी मार्फत हाजिर जनाउने शेयधनी महानुभावहरुको संख्या सो भन्दा बढी भएकाले कम्पनी सचिवले साधारणसभाको गणपूरक संख्या पुगको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनुभए बमोजिम सभाको अध्यक्षद्वारा सभा संचालन गरियो ।

**संचालक समितिको प्रतिवेदन सभा समक्ष प्रस्तुत:**

सभाका अध्यक्ष श्री गंगा प्रसाद जोशीज्यूबाट कम्पनीको संचालक समितिको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गरी सभामा उपस्थित शेयरधनीमहानुभावहरुलाई निम्न प्रस्तावहरु उपर छलफल गरी निर्णयको लागि प्रस्ताव गरियो ।

१. संचालक समितिको आ. ब. २०७५/०७६, २०७६/०७७ र २०७७/७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी सो लाई पारीत गर्ने सम्बन्धमा ।

२. लेखा परीक्षकको प्रतिवेदन सहित आ. ब. २०७५/०७६, २०७६/०७७ र २०७७/७८ को वार्षिक हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।

३. आगामि आ.व.२०७८/०७९ को लेखापरिक्षकको नियुक्ति र निजको पारीश्रमिक निर्धारण गर्ने ।

४. संस्थापक ३ जना र सर्वसाधारण शेयरधनीको तर्फबाट रिक्त २ जना संचालकको नियुक्ति(निर्वाचन) सम्बन्धमा ।

**शेयरधनी महानुभावहरु बाट उठाईएको जिज्ञासा एवं सुझावहरु:**

१) **शेयरधनी श्री डमरुबल्लभ घिमिरे:** कम्पनीको वार्षिक साधारण सभा नियमितरुपमा गर्ने व्यवस्था मिलाउन संचालक समितिलाई सुझाव दिनु भयो । कम्पनीको नियमावलीको व्यवस्थामा रहेको कम्पनीको संचालक हुनको लागि न्युनतम १००० कित्ता शेयर धारण गरेको हुनु पर्ने प्रावधान सर्वसाधारण शेयरधनीको हकमा अत्याधिक संख्या भएको हुँदा सो प्रावधान लाई घटाई अन्य कम्पनीसरह हुने गरी कम्पनीको नियमावलीमा आवश्यक संशोधन गर्न संचालक समितिलाई आग्रह गरियो । साथै साधारण सभा संचालनको लागि हाल कम्पनीको नियमावलीमा भएको ६० प्रतिशत शेयरधनीको उपस्थितिमा मात्र गणपूरक संख्या पुग्नु पर्ने व्यवस्था लाई परिवर्तन गरी कम्पनी ऐनबमोजिम गर्न आग्रह गर्नु भयो ।

२) **शेयरधनी श्री शिव प्रसाद पौडेल:** यस अघिका वक्ता शेयरधनीले उठाउनु भएको विषय एवं जिज्ञासालाई समर्थन गर्दै यस हाईड्रोपावर संचालन रहेको स्थानमा रहेका खाली जमिनमा विभिन्न खाले बोट-विरुवा तथा माछा पालन गरी कम्पनीको आयमा थप योगदान गर्न सुझाव दिनु भयो ।

३) **शेयरधनी श्री सत्रुघन श्रेष्ठ:** अन्य वक्ता शेयरधनीहरुले उठाउनु भएको विषयहरुलाई समर्थन गर्दै जोशी हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड बराबर क्षमता भएका अन्य कम्पनीहरुले शेयरधनीहरुलाई लाभांश वितरण गर्ने गरेको प्रति ध्यानाकर्षण गराउँदै यस कम्पनीले पनि लाभांश वितरण गर्नुपर्ने धारणा सहितको सुझाव दिनु भयो । साथै वार्षिक प्रतिवेदनमा कुन-कुन बैंकले कतिकति लगानी गरेकाछन्, बैंकसंग कति प्रतिशतका दरले व्याज ग्रहण गरेको, कर्मचारी संख्या कति रहेको र बिजुलि कुन दरभाउले बिक्रि गर्ने गरिएको सो विवरणहरु नखुलेको हुँदा आगामी दिनमा सो सम्पूर्ण व्यहोरा वार्षिक प्रतिवेदनमा खुलाउन सुझाव दिनु भयो ।

२) **शेयरधनी श्री कृष्ण प्रसाद अधिकारी:** यस अघिका वक्ता शेयरधनीले उठाउनु भएको विषय एवं जिज्ञासालाई समर्थन गर्दै यस हाईड्रोपावरले आगामी वर्षबाट शेयरधनी महानुभावहरुलाई बोनस वितरण गर्न सुझाव दिनुभयो ।

**शेयरधनी महानुभावहरुबाट उठाईएको जिज्ञासा एवं सुझावहरुको संबोधन :**

शेयरधनी महानुभावहरुले उठाउनुभएको प्रबन्ध-पत्र तथा नियमावलीमा संशोधनको सम्बन्धमा कम्पनीका कम्पनी सचिव श्री लिलाराज कोईरालाले आगामी वार्षिक साधारण सभाबाट संशोधनको लागि आवश्यक तयारी गर्ने विषयमा शेयरधनी महानुभावहरुलाई विस्वस्त पार्नु भयो ।

त्यसैगरी शेयरधनी महानुभावहरुले उठाउनुभएको वार्षिक प्रतिवेदनमा उल्लेखित विवरण एवं बैंक तथा वित्तिय संस्थासँग सम्बन्धीत विषयमा कम्पनीका लेखा एवं प्रशासन प्रमुख श्री सुधिर लामिछानेले स्पष्ट पार्दै आगामी वार्षिक सधारण सभाको लागि तयार पारिने वार्षिक प्रतिवेदनमा सो सम्पूर्ण व्यहोरा उल्लेख गरी प्रस्तुत गरिने जानकारी गराउनु भयो ।

कम्पनीका अध्यक्ष एवं सभाका अध्यक्षज्यूबाट शेयरधनी महानुभावहरुले उठाउनु भएको कानूनी, व्यवस्थापकिय, प्रशासनिक, आर्थिक लगायत सम्पूर्ण विषयहरु आफूले मनन् गरेको हुँदा सो कार्यान्वयन गर्न आफू लगायत आज निर्वाचन मार्फत गठन हुने नयाँ संचालक समिति कटिवद्ध रहने र कम्पनीलाई आगामी आ. व. नभए पनि अर्को आर्थिक वर्षसम्ममा शेयरधनी महानुभावहरुलाई बोनस वितरण गर्नसक्ने हैहियतमा पु-याउने तर्फ आजैदेखि लागि पर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

## सभाबाट भएका निर्णयहरु :

**सामान्य प्रस्ताव**

१. प्रस्ताव नं. १ : संचालक समितिको आ. ब. २०७५/०७६, २०७६/०७७ र २०७७/७८ को संचालक समितिद्वारा प्रस्तुत संचालक समितिको वार्षिक प्रतिवेदन पारित गरियोस भनी सभामा राखिएको प्रस्तावलाई सर्वसम्मतिबाट परित गरियो ।

२. प्रस्ताव नं. २ : लेखा परीक्षकको प्रतिवेदन सहित आ. ब. २०७५/०७६, २०७६/०७७ र २०७७/७८ को वार्षिक हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण पारित गरियोस भनी सभामा राखिएको प्रस्तावलाई सर्वसम्मतिबाट परित गरियो ।

३. प्रस्ताव नं. ३ : आगामि आ.व.२०७८/०७९ को लेखापरिक्षण कार्यको लागि लेखापरीक्षको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्तावउपर हुँदा लेखापरीक्षकको रुपमा श्री I. P. Mainali & Associates लाई लेखा परीक्षकको रुपमा नियुक्त गर्ने र निजलाई पारिश्रमिकवापत् रू. १,६९,५००/-निर्धारण गर्ने प्रस्ताव सर्वसम्मरुपमा पारित गरियो ।

४. प्रस्ताव नं. ४ : कम्पनीको संस्थापक ३ जना र सर्वसाधारण शेयरधनीको तर्फबाट रिक्त २ जना संचालकको नियुक्ति(निर्वाचन) सम्बन्धि प्रस्तावको सम्बन्धमा कम्पनीद्वारा नियुक्त निर्वाचन अधिकृत श्री मुकुन्द प्रसाद भट्टराईले कम्पनीको निर्वाचन सम्वन्धी निर्देशिका बमोजिम मिति २०७८/०९/२६ गतेबाट मतदाता नामावली प्रकाशन गरी निर्वाचन सम्वन्धी प्रकृया गर्दा कम्पनीको संस्थापक शेयरधनी समूह(क)बाट ३ जना मा श्री गंगा प्रसाद जोशी र विनित कुमार शारदा गरी जम्मा २ जना र सर्वसाधारण शेयरधनी समूह(ख) तर्फ २ जनामा श्री कृष्ण प्रसाद अधिकारी १ जनाले मात्र संचालक पदमा उम्मेदवारी मनोनयन गर्नु भएको हुँदा समूह(क)बाट श्री गंगा प्रसाद जोशी, काठमाडौ र श्री विनित कुमार शारदा, सिराहा र सर्वसाधारण शेयरधनी समूह(ख) बाट श्री कृष्ण प्रसाद अधिकारी सर्लाही निर्विरोध निर्वाचित हुनु भएको निर्वाचन अधिकृतज्यूले सभा समक्ष घोषणा गर्नु भएकोले संचालक निर्विरोध निर्वाचित भएको प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

**विशेष प्रस्ताव :**

विशेष प्रस्ताव अन्तर्गत छलफलका अन्य विषयहरु नरहेकोले शेयरधनी लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै सभाका अध्यक्षज्यूद्वारा सभा समापन भएको घोषणा गरियो ।